ब्रिटिश गोर्खाज नेपाल British Gurkhas Nepal

ARMY
BE THE BEST

# गोर्खाली खबर

Gorkhali Khabar

भू.पु.गोर्खाकालागि समाचारपत्र | Newsletter for ex-British Gurkhas

अङ्क १५, फेब्रुअरी २०२६ Edition 15, February 2026



## ब्रिगेड अफ गोर्खाजको वार्षिक प्रतिवेदन नेपालका राष्ट्रपतिसमक्ष पेश

उप-रथी जेरल्ड एम स्ट्रिकल्याण्ड CB DSO MBE, कर्णल कमाण्डन्ट ब्रिगेड अफ गोर्खाजद्वारा ०९ फेब्रुअरी २०२६ मा ब्रिगेड अफ गोर्खाजको वार्षिक प्रतिवेदन नेपालका सम्माननीय राष्ट्रपति महामहिम श्री रामचन्द्र पौडेलसमक्ष प्रस्तुत गरियो ।



नेपालका लागि बेलायती राजदूत महामहिम श्री रब फेन; महासेनानी ड्यान रेक्स MVO, रक्षा सहचारी / कमाण्डर ब्रिटिश गोर्खाज नेपाल; महासेनानी डेभिड रबिनसन, कर्णल ब्रिगेड अफ गोर्खाज; र सेनानी अशोक गुरुङ, सहायक सैन्य सहचारी, शीतल निवास, काठमाडौंस्थित् राष्ट्रपति कार्यालयमा प्रतिवेदन पेश गर्ने क्रममा उपस्थित हुनुहुन्थ्यो ।

## रेक्रुट इन्टेक २०२६ 'अटेसटेशन परेड' – शपथ ग्रहण

३२३ जना नयाँ प्रशिक्षार्थी राइफलम्यानहरूले ब्रिटिश गोर्खाज पोखरामा ०६ फेब्रुअरीमा आयोजित शपथ ग्रहण परेड ('अटेसटेशन परेड') मा महाराजाधिराज चार्ल्स तृतीयप्रति निष्ठाको शपथ लिँदै बेलायती सेनाको ब्रिगेड अफ गोर्खाजमा प्रवेश गरेका छन् ।





रथी एम आर एल्भिस CB MBE, कमाण्डर फिल्ड आर्मी, उक्त शपथ ग्रहण समारोहका निरीक्षण अधिकृत (रिभ्यूइङ अफिसर) हुनुहुन्थ्यो । नेपालका लागि बेलायती राजदूत महामहिम रब फेन; उप-रथी जेरल्ड एम स्ट्रिकल्याण्ड DSO MBE, कर्णल कमाण्डन्ट ब्रिगेड अफ गोर्खाज; सहायक रथी डेभिड प्याक OBE, कर्णल रोयल गोर्खा राइफल्स (RGR); महासेनानी ड्यान रेक्स MVO, रक्षा सहचारी / कमाण्डर ब्रिटिश गोर्खाज नेपाल (BGN); महासेनानी डेभिड रबिनसन, कर्णल ब्रिगेड अफ गोर्खाज; श्री ल्यूक बिउमन्ट, डेपुटी हेड अफ मिसन; प्रमुख सेनानी रब ब्राउन, उप–कमाण्डर BGN; र सेनानी अशोक गुरुङ, सहायक सैन्य सहचारी ले नयाँ रेक्रुटहरूको निरीक्षण गर्नुभयो । सेनानी किरण पुन MVO, गोर्खा मेजर BGN ले नयाँ रेक्रुटहरूलाई शपथ खुवाउनुभयो भने सेनानी जेम्स हर्नबी, अफिसर कमाण्डिङ BGP को नेतृत्वमा परेड सम्पन्न भयो ।

नेपाली सेनाका उप-रथी भोला नाथ थापा र नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक दिपेन्द्र जी.सी. उक्त प्रतिष्ठित कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा भर्ती भएका रेक्रुटका गौरवान्वित परिवारजनहरू पनि उपस्थित थिए ।






कठिन छनौंट प्रक्रियापछि सफल भएका प्रशिक्षार्थी राइफलम्यानहरूलाई बधाई र ब्रिगेडको गौरवशाली परम्परालाई अगाडि बढाउने यात्रामा शुभकामना ।






Recruit Intake 2026
Attestation Parade
06 Feb 2026

## हाम्रो स्वतन्त्रताको रक्षा गर्ने सबैप्रति श्रद्धाञ्जली



हाम्रो स्वतन्त्रताको रक्षा गर्न सेवा तथा बलिदान गर्ने सबैको सम्झनामा ०९ नभेम्बरमा बेलायती दूतावास काठमाडौंमा 'रिमेमब्रेन्स सन्डे' कार्यक्रम आयोजना गरियो ।

नेपालस्थित विभिन्न देशका मिसन प्रमुख, नेपालका सुरक्षा निकायका प्रमुखहरू, भुतपूर्व ब्रिटिश गोर्खा सैनिक तथा समुदाय, BGN सैनिक, गैर-सैनिक कर्मचारी, परिवारहरूले कर्तव्यपालनका क्रममा ज्यान गुमाएका सशस्त्र बलका सदस्य र उनीहरूका परिवारको सम्झनामा दुई मिनेट मौन धारण गरेका थिए ।

नेपालका लागि बेलायती राजदूत महामहिम रब फेन; नेपाली सेनाका प्रधानसेनापति महारथी अशोक राज सिग्देल; नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (निवर्तमान) चन्द्र कुबेर खापुङ; महासेनानी ड्यान रेक्स MVO, रक्षा सहचारी / कमाण्डर बि जी एन / निर्देशक गोर्खा वेलफेयर ट्रष्ट (नेपाल); र सेनानी (भुतपूर्व) बालकृष्ण राना, अध्यक्ष रेजिमेन्टल असोसिएशन नेपाल (RAN) ले गोर्खा स्मारकमा माल्यार्पण गर्नुभयो ।



बि जी एन पोखरा र धरानमा पनि 'रिमेमब्रेन्स सर्भिस' आयोजना गरियो । सेनानी किरण पुन MVO, गोर्खा मेजर बि जी एन र RAN प्रतिनिधिहरूले धरानस्थित ब्रिटिश गोर्खा समाधिस्थलमा माल्यार्पण गर्नुभएको थियो । पोखरास्थित गोर्खा मेमोरियल संग्रहालयमा प्रमुख सेनानी जोनी फेनको नेतृत्वमा भएको कार्यक्रममा भुतपूर्व गोर्खा सैनिक तथा बि जी एन स्टाफहरूले श्रद्धाञ्जली अर्पण गरेका थिए ।




*"They shall grow not old, as we that are left grow old: Age shall not weary them, nor the years condemn. At the going down of the sun and in the morning. We will remember them."*

## दशैं एकता र पुनर्मिलनको समय हो: कमाण्डर बि जी एन





यस वर्ष नेपालमा दशैं उत्सव केही शान्त रूपमा मनाइयो, किनकि देशव्यापी प्रदर्शनका क्रममा ७० जना भन्दा बढी व्यक्तिको ज्यान गएको धेरै समय भएको थिएन। यद्यपी, नेपाली समुदाय र ब्रिगेड अफ गोर्खाजको मूल विश्वासबाट आउने महत्त्वपूर्ण सन्देशलाई जोड दिंदै यस पर्व मनाउनु अर्थपूर्ण थियो।

आफ्नो दशैं शुभकामना सन्देशमा महासेनानी ड्यान रेक्स MVO, कमाण्डर बि जी एन ले नेपाल र विश्वका विभिन्न भागहरूमा मनाइने महत्त्वपूर्ण नेपाली पर्वहरूमध्ये एक दशैं को अवसरमा नेपाली जनतामाझ उपस्थित हुन पाउँदा आफूलाई ठूलो सम्मान महसुस भएको बताउनुभयो। “दशैं एकता र पुनर्मिलनको समय हो, जब परिवार र समुदाय एकसाथ भेला हुन्छन्, आशिर्वाद साटासाट गरिन्छ र सम्बन्धहरू पुनः सुदृढ हुन्छन्। यस पर्वको मुख्य आधारमा असत्यमाथि सत्य, द्वन्द्वमाथि मेलमिलाप, र भयमाथि आशा को विजय हुने सन्देश रहेको छ,” उहाँले भन्नुभयो।

घटस्थापनादेखि मुख्य दिन टिकासम्म बि जी एन को दशैं २०२५ का धार्मिक विधिहरू बि जी एन पण्डित श्री झविन्द्र ज्ञवाली; WO1 महेश पालुङ्वा, आर एस एम बि जी एन; कर्पोरल सुरेन बुढा मगर; र लान्स कर्पोरल माई लाइफ राराचा सुनुवार सम्मिलित ‘पुजारी’ टोलीले सम्पन्न गरेको थियो।








वर्षकै प्रतिक्षित कार्यक्रममध्ये एक बि जी एन दशैं सांस्कृतिक कार्यक्रम ३० सेप्टेम्बरमा आयोजना गरियो, जहाँ धार्मिक विधि र मनोरञ्जनको संयोजन प्रस्तुत गरिएको थियो। नेपालको विविध संस्कृति र पर्वहरूको झल्को दिने उक्त कार्यक्रममा नेपालका लागि बेलायती राजदूत महामहिम रब फेन; ललितपुर महानगरपालिकाका मेयर श्री चिरीबाबु महर्जन; र कमाण्डर बि जी एन प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। कार्यक्रममा बि जी एन कर्मचारी, परिवारजन, तथा व्यावसायिक कलाकारहरूले धार्मिक तथा सांस्कृतिक महत्त्व झल्काउने उत्कृष्ट प्रस्तुति प्रदर्शन गरेका थिए।

झण्डै दुई सातापछि तिहार चाडको लक्ष्मी पूजाको दिन बि जी एन परिवार र शुभेच्छुकहरू भेला भई तिहार उत्सव मनाएका थिए। दशैं-तिहार २०२५ कार्यक्रमको सम्पूर्ण योजना तथा सञ्चालन सेनानी किरण पुन MVO, गोर्खा मेजर बि जी एन; सह-सेनानी रबिन राई, ओ सी एन एस टि; र WO1 महेश पालुङ्वा, आर एस एम बि जी एन को अग्रतामा भएको थियो। सेनानी किरण पुन MVO, गोर्खा मेजर बि जी एन ले कार्यक्रम सफल बनाउन योगदान पुर्याउनुहुने सम्पूर्ण सहभागी तथा सम्बन्धित सबैप्रति विशेष धन्यवाद व्यक्त गर्नुभएको थियो।

## बि जी एन ६५औं वार्षिकोत्सव मनाउँदै



अधिकृत, कर्मचारी तथा परिवारजनहरूको उपस्थितिमा ब्रिटिश गोर्खाज नेपाल (बि जी एन) ले १७ अक्टोबर २०२५ मा काठमाडौं, पोखरा र धरानस्थित आफ्ना तीनै शिविरमा ६५औं स्थापना दिवस मनायो ।

महासेनानी ड्यान रेक्स MVO, कमाण्डर बि जी एन ले सबै BGN कर्मचारी र परिवारजनलाई उनीहरूको अटल सहयोगका लागि धन्यवाद व्यक्त गर्नुभयो र यस सहयोगलाई हालसम्मका उपलब्धिहरूका लागि महत्त्वपूर्ण भएको ठहर गर्नुभयो ।

काठमाडौंमा आयोजित कार्यक्रममा BGN ट्रायथलनको पुरस्कार वितरण पनि रहेको थियो । महासेनानी ड्यान रेक्स MVO, कमाण्डर बि जी एन र सेनानी किरण पुन MVO, गोर्खा मेजर बि जी एन ले समग्र विजेता लान्स कर्पोरल सञ्जय ताम्राकारसहित सहभागी तथा विजेताहरूलाई पुरस्कार प्रदान गर्नुभयो ।





## यु के आर्म्ड फोर्सेस (सशस्त्र बल) महिला क्रिकेट टोली

यु के आर्म्ड फोर्सेस (सशस्त्र बल) महिला क्रिकेट टोलीले ०८ नोभेम्बरमा नेपाल महिला राष्ट्रिय क्रिकेट टोलीका खेलाडीहरूसँग रात्रिभोजको कार्यक्रम गरी आफ्नो नेपाल भ्रमण सम्पन्न गर्यो । दुवै टोलीका खेलाडीहरूका लागि यो भेटघाट अनुभव र ज्ञान साटासाट गर्ने विशेष अवसर थियो ।

बेलायती टोली २८ अक्टोबरदेखि ०८ नोभेम्बरसम्म नेपालमा थियो । उनीहरूको काठमाडौंस्थित बेलायती दूतावासमा नेपालका लागि बेलायती राजदूत रब फेन र रक्षा सहचारी महासेनानी ड्यान रेक्स MVO सँग भेटघाट कार्यक्रम रहेको थियो । काठमाडौं, पोखरा र चितवनमा मैत्रीपूर्ण खेल तथा सांस्कृतिक आदानप्रदानका अविस्मरणीय सम्झनासहित बेलायती टोली स्वदेश फर्किए ।





## BGN व्यवस्थापन रात्रिभोज

आफ्नो सामुदायिक सहकार्य (Community Engagement) अन्तर्गत ब्रिटिश गोर्खाज नेपालले २७ नोभेम्बरमा बि जी एन काठमाडौंमा व्यवस्थापन रात्रिभोज (Management Dinner) तथा २० नोभेम्बरमा बि जी एन पोखरामा सामुदायिक भोजन (Community Lunch) कार्यक्रम आयोजना गर्यो ।

काठमाडौंको कार्यक्रममा ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री प्रेम प्रसाद भट्टराई मुख्य अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो भने नेपालका सुरक्षा तथा प्रशासनिक निकायका प्रतिनिधि र बि जी एन का सहकारीहरू कार्यक्रममा सहभागी थिए ।

महासेनानी ड्यान रेक्स MVO, कमाण्डर BGN ले नेपाल र बेलायत दुवै देशका लागि गोर्खा परम्परा महत्त्वपूर्ण रहेको स्मरण गराउनुभयो । सेनानी किरण पुन MVO, गोर्खा मेजर बि जी एन ले सबै अतिथिहरूलाई आफ्नो साझेदारी र समयका लागि धन्यवाद व्यक्त गर्नुभयो ।





## स्वस्थ शैलीलाई जीवनशैली बनाऔं
## बि जी एन स्वास्थ्य मेला २०२५



समग्र बि जी एन समुदायको स्वस्थ विकासमा लक्षित बि जी एन को वार्षिक ‘हेल्थ फेयर’ (स्वास्थ मेला) १४ नोभेम्बरमा बि जी एन काठमाडौंमा आयोजना गरियो । WO1 महेश पालुङ्वा, आर एस एम बि जी एन को नेतृत्त्व तथा बि जी एन मेडिकल सेन्टरको सहयोगमा आयोजना गरिएको स्वास्थ्य मेला आर्मी हेल्थ प्रमोशन कार्यक्रममा आधारित छ भने यस वार्षिक कार्यक्रम सैन्य कर्मचारी, परिवार तथा गैर-सैनिक कर्मचारीको स्वस्थ जीवनशैली र जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिन्छ ।

यस वर्षको अवसरमा प्राथमिक स्वास्थ्य परीक्षण, स्व–हेरचाहका व्यावहारिक तरिका सम्बन्धी शिक्षा तथा सम्भावित स्वास्थ जोखिम पहिचानका विषयमा विज्ञहरूसँग परामर्श गर्ने अवसर उपलब्ध थियो ।

महासेनानी ड्यान रेक्स एम भी ओ, कमाण्डर बि जी एन ले निम्न संस्थाहरूलाई उनीहरूको सहकार्यको लागि धन्यवाद व्यक्त गर्नुभयो:

नेपाल ट्राफिक प्रहरी परिसर सातदोबाटो, युनिटी इन हेल्थ नेपाल, स्माइल वीभर्स हेल्दी स्माइल्स डेन्टल क्लिनिक, क्लिनिक वान, काइनेसियोलोजी फिजियोथेरापी, द ब्रिटिश स्कूल, श्री सुनिल कर्माचार्य (साउन्ड हिलिङ थेरापिष्ट) ।

कार्यक्रम समापनको अवसरमा लान्स कर्पोरल तीर्थ तामाङले आफूले संकलन गरेको रकम परोपकारी कोष SSAFA (सशस्त्र बल सहयोग संस्था) लाई हस्तान्तरण गर्नुभयो ।

## भुतपूर्व गोर्खामा आधारित पुस्तक विमोचन
## १४ जनवरी २०२६



*"Warriors from the Himalayas – Gurkhas" ('वारियर्स फ्रम द हिमालयस – गोर्खाज')* लेखक गोर्डन एल्स्डेनद्वारा लेखिएको दुई खण्डको पुस्तकमा नेपालका पूर्वी र पश्चिमी क्षेत्रका वरिष्ठ गोर्खा पूर्वसैनिकहरूका अत्यन्त व्यक्तिगत कथाहरू समावेश छन्, जसले पछिल्लो गोर्खाली पुस्ताहरूलाई "आफू कहाँबाट आएका हुन् भनेर जान्न" सन्देश दिन्छ ।

पोखरामा गरिएको विमोचनपछि १४ जनवरीमा बि जी एन काठमाडौंमा पनि पुस्तक लोकार्पण कार्यक्रम आयोजना गरियो, जसमा नेपालका लागि बेलायती राजदूत महामहिम रब फेन र महासेनानी ड्यान रेक्स MVO, कमाण्डर बि जी एन अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो ।




कथाहरूका पात्र भुतपूर्व गोर्खा सैनिकहरू र कार्यक्रममा सहभागी सबैप्रति धन्यवाद व्यक्त गर्दै लेखक गोर्डन एल्स्डेनले करिब ४० वर्षअघिदेखि शुरू भएका आफ्ना असाधारण अनुभवहरूले पुस्तक लेख्न प्रेरित गरेको बताउनुभयो ।

पुस्तक बिक्रीबाट प्राप्त सम्पूर्ण आम्दानी गोर्खा वेलफेयर ट्रष्ट, बेलायत र पोखरास्थित गोर्खा संग्रहालय तथा धरानस्थित गोर्खा मेमोरियल पार्कलाई सहयोग स्वरूप प्रदान गरिनेछ ।

**रेजिमेन्टल असोसीएशन नेपाल (RAN) को उप-रथी जेरल्ड एम स्ट्रिकल्याण्ड DSO MBE, कर्णल कमाण्डन्ट ब्रिगेड अफ गोर्खाज र महासेनानी डेभिड रबिनसन, कर्णल ब्रिगेड अफ गोर्खाज सँगको बैठक ०५ फेब्रुअरी बि जी एन काठमाडौंमा सम्पन्न भयो ।**



## लिला कुमारीको नयाँ भूकम्प प्रतिरोधी घर

**- गोर्खा वेलफेयर ट्रष्ट (नेपाल) (GWT(N))**

पोखराबाट करिब तीन घण्टा उत्तर–पश्चिममा अवस्थित गाउँमा ९२ वर्षीय लिला कुमारी गुरुङ बस्नुहुन्छ ।

कच्ची मोटर बाटो हुँदै गाडीमा पुग्न सकिने कास्की जिल्ला अन्नपूर्ण गाउँपालिका स्थित उक्त गाउँमा वहाँले जीवनको अधिकांश समय बिताउनुभएको छ ।



लिला कुमारी स्व. राइफलम्यान गुण प्रसाद गुरुङकी विधवा हुन्, जो दोश्रो विश्वयुद्धको समयमा ५/१ गोर्खा राइफल्समा सेवारत हुनुहुन्थ्यो । गुण प्रसादले भारत–अफगानिस्तान सीमाक्षेत्र चमन, बन्धु र राजमुख जस्ता ठाउँहरुमा लड्नुभएको थियो ।

"वहाँ सधैं आफुले लडेको युद्धहरूबारे बताइरहनुहुन्थ्यो", लिला कुमारी सम्झिनुहुन्छ । "धेरै दिनसम्म बंकरमै बस्नु परेको र खाना पनि त्यहि खानुपरेको जस्ता दुःखका ब्यथाहरू बारे भन्नुहुन्थ्यो ।"

युद्धबाट सकुशल फर्किए पनि गुण प्रसादको जीवन सजिलो थिएन । "वहाँले सेनामा नफर्किने निर्णय गर्नुभयो । वहाँसँग केही पदकहरू पनि थिए, तर अहिले ती कहाँ छ, थाहा छैन । स्थिर आम्दानी थिएन, धैरै बालबच्चा भएकाले जीवन कठिन थियो । खेतको उब्जनीले मात्र वर्षभरि पनि पुग्दैनथ्यो ।"

दुवै मिलेर ४ छोरा र ७ छोरीहरू गाउँमै हुर्काए । तर समय र दुःखले पीडा ल्यायो । "माइलो छोरा बित्यो, साइँला र कान्छा छोराहरू घर छाडेर कहिल्यै फर्केनन् । अब फर्कन्छन् भन्ने आशा पनि छैन", वहाँ भन्नुहुन्छ । खेतीकिसानी गर्ने जेठा छोरा जुमबहादुरको घर वहाँको नजिकै छ ।

लिला कुमारी आफ्नो नाति र उनको परिवारसँग बस्नुहुन्छ । वर्षौसम्म वहाँहरू ढुंगा, माटो र काठले बनेको घरमा बस्नुभयो, जुन असुरक्षित थियो । उच्च जोखिममा रहेको उक्त घर वर्षामा वा सानो भूकम्पले पनि ढल्न सक्थ्यो ।

हाम्रो प्राविधिक टोलीले घरको मर्मत सम्भव छ कि भनेर हेरे, तर त्यो घर सुरक्षित नभएको ठहर गरियो । त्यहाँ दुई कोठा, भान्सा र बाथरुम सहित नयाँ भूकम्प प्रतिरोधी घर निर्माण गर्ने प्रस्ताव गरियो । तर हाम्रो प्रस्तावलाई लिला कुमारीले सजिलै मान्नु भएन – त्यस घरमा वहाँका पूराना सम्झनाहरू गाँसिएका थिए।

"म मेरो घरलाई धेरै माया गर्थें । त्यहाँ मेरो श्रीमानको सम्झना थियो।"



नयाँ घरको निर्माण सम्पन्न भइसकेको छ र लिला कुमारी खुशी हुनुहुन्छ । "वहाँले मलाई नयाँ घर बनाउनु भन्नुभएको थियो र मैले मानें । अहिले म नयाँ घरमा छु । पुरानो घर भत्काउनु परे पनि सोही ठाउँमा नयाँ घर बनेको हुँदा सन्तुष्ट छु ।"

लिला कुमारीका लागि यो घर मात्र होइन, सुरक्षा र शान्तिको उपहार पनि हो। "मलाई यो नयाँ घर धेरै मन परेको छ । म मरे पनि मेरा नाति-नातिनीहरू यो घरमा सुरक्षित बस्न सक्नेछन्," वहाँ भन्नुहुन्छ । GWT ले लिला कुमारीलाई मासिक पेन्सन पनि प्रदान गर्दै आइरहेको छ, जुन नजिकैको बैंकमा जम्मा हुन्छ ।

"यस्तो महत्त्वपूर्ण सहयोग गर्नुभएकोमा म सम्पूर्ण समर्थकहरुलाई धन्यवाद दिन चाहन्छु," वहाँ हाँस्दै भन्नुहुन्छ । "धन्यवाद!"

**कमाण्डर फिल्ड आर्मी, कर्णल कमाण्डन्ट र कर्णल ब्रिगेड अफ गोर्खाज को BGN भ्रमण**



०३ फेब्रुअरीमा ब्रिटिश गोर्खाज नेपाल, काठमाडौंमा रथी एम आर एल्भिस CB MBE, कमाण्डर फिल्ड आर्मी र श्रीमती सारा एल्भिस; उप-रथी जेरल्ड एम स्ट्रिकल्याण्ड DSO MBE, कर्णल कमाण्डन्ट ब्रिगेड अफ गोर्खाज र श्रीमती क्याथी स्ट्रिकल्याण्ड; तथा महासेनानी डेभिड रबिन्सन, कर्णल ब्रिगेड अफ गोर्खाज को सम्मानित स्वागत गरियो ।




महासेनानी ड्यान रेक्स MVO, कमाण्डर बि जी एन; प्रमुख सेनानी रब ब्राउन, उप-कमाण्डर बि जी एन; सेनानी किरण पुन MVO, गोर्खा मेजर बि जी एन तथा बि जी एन अधिकृत र कर्मचारीहरूले अतिथिहरूलाई बि जी एन र नेपालमा स्वागत गर्नुभयो ।

बि जी एन को एक टुकडीद्वारा कमाण्डर फिल्ड आर्मीलाई ‘गार्ड अफ अनर’ प्रस्तुत गरियो ।

कमाण्डर फिल्ड आर्मी, कर्णल कमाण्डन्ट ब्रिगेड अफ गोर्खाज र कर्णल ब्रिगेड अफ गोर्खाज त्यसपछि बि जी एन मन्दिरको पूजामा सहभागी भइ काठमाण्डु मेसमा बि जी एन परिवारजनहरूसँगको अन्तरक्रियामा सरिक हुनुभयो ।

**कर्णल आर जी आर भ्रमण**



२८ जनवरीमा सहायक रथी डेभिड प्याक OBE, कर्णल द रोयल गोर्खा राइफल्स (आर जी आर) लाई बि जी एन काठमाडौंमा महासेनानी ड्यान रेक्स MVO, कमाण्डर बि जी एन; प्रमुख सेनानी रब ब्राउन, उप-कमाण्डर बि जी एन; श्री टोबी ओशनेस्सी, सिभिल सेक्रेटरी बि जी एन लगायत बि जी एन अधिकृत र कर्मचारीहरूले स्वागत गर्नुभयो ।

**सहायक रथी एन्ड्र्यू CBE भ्रमण**



२६ जनवरी २०२६ मा सहायक रथी एन्ड्र्यू गार्नर CBE, कमाण्डर एस एल डी आर ए सी; सह-सेनानी सुरेन्द्र तामाङ, २ आइ सी जी कम्पनी; WO1 डेभिड राउर्के, आर एस एम एस एल डी आर ए सी; र WO2 रोशन गुरुङ, सी एस एम जी कम्पनी लाई बि जी एन मुख्यालयमा स्वागत गरियो ।
उक्त टोलीलाई महासेनानी ड्यान रेक्स MVO, कमाण्डर बि जी एन; प्रमुख सेनानी रब ब्राउन उप–कमाण्डर बि जी एन; तथा बि जी एन अधिकृत र कर्मचारीहरूले स्वागत गर्नुभयो ।

## सम्पर्क विवरणहरू:

**गोर्खा भेट्रन्स एड्भाइस सेन्टर्स (जिभ्याक)**
**Gurkha Veterans' Advice Centres (GVAC)**

| | | |
|---|---|---|
| **पेन्सन** | काठमाडौं- ०१-४२३५३२२ | bgn-vs-gvack-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१- ५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५३६९९२ | bgn-vs-gvacd-groupmailbox@mod.gov.uk |
| **रेकर्ड्स** | काठमाडौं- ०१-४२३५३२४ | bgn-vs-gvack-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९१९० | dipakarki.thapa118@mod.gov.uk |
| **गोर्खा सेटलमेन्ट अफिस** | काठमाडौं- ०१-४२३५३२९ | bgn-vs-gso-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९१८९ | gvacdharan@bgp.com.np |

**मुख्यालय, ब्रिटिश गोर्खा नेपाल**
मानभवन ,ललितपुर
बि एफ पी ओ ४
नेपाल

**Headquarters, BRITISH GURKHAS NEPAL**
Manbhawan, Lalitpur
British Forces Post Office 4
Nepal

BFBS Gurkha – c/o HQ BGN, BFPO 4

**अपरेशनमा नी:शुल्क वेलफेयर पार्सल पठाउन सकिने बारे सूचना**
अपरेशनमा परिचालित सेवारत सिपाहीहरूलाई परिवार सदस्यहरूले मुख्यालय बि.जी.एन, काठमाडौंबाट सानो वेलफेयर पार्सल (अधिकतम् २ कीलो; करीब A4 पेपर साइजको; अचार जस्ता नष्ट हुने खालका खाद्य पदार्थ, सुर्तीजन्य पदार्थ र घ्यू जस्ता एफ.पी.ओ. द्वारा निषेधित सामान नसमेटी ) नी:शुल्क पठाउन सक्नेछन् ।

**Notice on Sending Welfare Parcels to Personnel in Operations**
Family members of serving personnel deployed on Operations are eligible to post small welfare parcels (maximum 2 k.g; size roughly A4 size paper; not including items restricted by FPO like perishable food like chutney/pickle, tobacco products, ghee etc.) for free from HQ BGN, Kathmandu.

**Contact: BGN FPO, Ph. 01-4235236; e-mail: BGN-SNCO-FPO-GroupMail@mod.gov.uk**

जरूरी सूचना र सम्पर्कमा रहनको लागि ब्रिटिश गोर्खा नेपालको फेसबुक पेज लाइक र फलो गर्नुहोला
For important updates and to stay connected, like and follow British Gurkhas Nepal on Facebook
British Gurkhas Nepal @BritishGurkhasNepal
https://www.facebook.com/BritishGurkhasNepal/

https://www.army.mod.uk/learn-and-explore/about-the-army/corps-regiments-and-units/brigade-of-gurkhas/british-gurkhas-nepal/

**Headquarters British Gurkhas Nepal Media Points of Contact:**

Major Kiran Pun MVO
Gurkha Major; Media Officer

Gaurav Chandra Gurung
Communications Officer
GauravChandra.Gurung125@mod.gov.uk